# श्री ५ को सरकार
# अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
## कर पाटी **(Tax Plate)** राख्ने बारेको अत्यन्त जरूरी सूचना

प्रत्येक करदाताले आफ्नो कारोवार स्थलमा कर पाटी **(Tax Plate)** राख्न पर्ने गरी मूल्य अभिबृद्धि कर (आठौं संशोधन) नियमावली, २०६२ ले व्यवस्था गरेको हुंदा मिति २०६२।७।१३ सम्ममा कारोवार स्थलमा सबैले देख्न सक्ने गरी निम्न बमोजिमको ढांचाको कर पाटी राख्नु हुन सबै करदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. आकार: कर पाटीको साइज ३० सेण्टिमिटिर लामो र १० सेण्टिमिटर चौडा हुनुपर्नेछ ।

२. प्लेटमा समावेश गर्नु पर्ने जानकारी:

(क) स्थायी लेखा नम्बर (ख) करदाताको नाम:

३. रङ्ग:

(क) मूल्य अभिबृद्धि करमा दर्ता भएको करदाताले हरियो पृष्ठभूमिमा सेतो अक्षरले लेख्ने ।

(ख) मूल्य अभिबृद्धि करमा दर्ता गर्नुपर्ने कारोवारको सीमा भन्दा कमको कारोवार भएको करदाताले पहेलो पृष्ठभूमिमा कालो अक्षरले लेख्ने ।

(ग) मूल्य अभिबृद्धि कर छुटको सामान मात्र कारोवार गर्ने करदाताले सेतो पृष्ठभूमिमा रातो अक्षरले लेख्ने ।

४. लेख्ने ढांचा:

(क) माथिल्लो ५ सेण्टिमिटरको भागमा करदाताको नाम लेख्नुपर्नेछ । यसमा अक्षरको साइज आवश्यकता अनुसार ठूलो सानो हुन सक्नेछ ।

(ख) तल्लो ५ सेण्टिमिटरको बायांको कुनामा ५ से.मि. को “स्थायी लेखा नम्बर” र ९ से.मि. को आफ्नो ९ अंकको स्थायी लेखा नम्बर लेख्नु पर्नेछ । अंग्रेजीमा लेख्न भए अंग्रेजीमा करदाताको नाम, "PAN" अंग्रेजी अंक मै ९ अंकको स्थायी लेखा नम्बर लेख्नु पर्नेछ ।

(ग) तल्लो दायां कुनाको ५ से.मि. ठाउं अन्त:शुल्कको स्टिकर टांस्ने प्रयोजनको लागि खाली छोड्नु पर्नेछ ।

उल्लेखित म्यादभित्र करदाताले आफ्नो कारोवारस्थलमा कर पाटी नटांसेमा मूल्य अभिबृद्धि कर ऐन बमोजिम जरिवाना हुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।